गण्डकी प्रदेश सरकार
**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**
**पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना**
## आयोजना कार्यान्वयन एकाइ गण्डकी प्रदेश
पोखरा, नेपाल

सूचना नं.: १ (२०८३/८४)

प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०४/२०

### "फलफूल बगैंचा स्थापना कार्यक्रम"मा आवद्ध हुन प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

**पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८३** अनुसार गण्डकी प्रदेशका तपसिलमा उल्लिखित स्थानीय तहहरुमा देहायका फलफूल बालीहरुको बगैंचा स्थापनामा अनुदान प्रदान गर्ने कार्यक्रम रहेको हुँदा कार्यविधि बमोजिम मापदण्ड पुगेका इच्छुक कृषि उद्यमी, कृषक समूह तथा सहकारीहरुले आवश्यक कागजातहरुसहित सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क्र.सं. | कार्यक्रम सञ्चालन हुने | | लक्षित बालीहरु |
|---|---|---|---|
| | जिल्ला | स्थानीय तहको नाम | |
| १. | गोरखा | आरुघाट, पालुङटार, सिरानचोक | आरुघाट (सुन्तला, कागती, ओखर, किवी फल, एभोकाडो, मेकाडेमिया नट)<br>पालुङटार (सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट)<br>सिरानचोक (सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट, किवी फल) |
| २. | लमजुङ | बेंशीसहर, मध्यनेपाल, मर्स्याङ्दी, राइनास, सुन्दरबजार | बेशीसहर (सुन्तला, कागती, ओखर, किवी फल, एभोकाडो, मेकाडेमिया नट)<br>मध्यनेपाल (सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट)<br>मर्स्याङ्दी (सुन्तला, कागती, ओखर, किवी फल, एभोकाडो, मेकाडेमिया नट)<br>राइनास (सुन्तला, कागती, किवी फल, एभोकाडो, मेकाडेमिया नट)<br>सुन्दरबजार (सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट) |
| ३. | म्याग्दी | अन्नपूर्ण, वेनी | अन्नपूर्ण ( सुन्तला, कागती, स्याउ, ओखर, किवी फल, एभोकाडो)<br>बेनी (सुन्तला, कागती, स्याउ, ओखर, किवी फल, एभोकाडो, मेकाडेमिया नट) |
| ४. | मुस्ताङ | थासाङ, घरपझोङ, बारागुङ मुक्तिक्षेत्र, लो-घेकर दामोदरकुण्ड | थासाङ, घरपझोङ र बारागुङ मुक्तिक्षेत्र (स्याउ, ओखर)<br>लो-घेकर दामोदरकुण्ड (स्याउ) |
| ५. | बागलुङ | बडिगाड, गल्कोट, जैमिनी, काठेखोला, निसिखोला | बडिगाड (सुन्तला, कागती, ओखर, किवी फल, एभोकाडो)<br>गल्कोट (सुन्तला, कागती, ओखर, किवी फल , मेकाडेमिया नट)<br>जैमिनी (सुन्तला, कागती, ओखर, किवी फल, एभोकाडो, मेकाडेमिया नट)<br>काठेखोला (सुन्तला, कागती, ओखर, किवी फल, एभोकाडो, मेकाडेमिया नट)<br>निसिखोला (सुन्तला, कागती, स्याउ, ओखर, किवी फल, एभोकाडो) |
| ६. | तनहुँ | म्याग्दे, ऋषिङ | सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट |
| ७. | कास्की | पोखरा, मादी, अन्नपूर्ण | पोखरा (सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट)<br>मादी र अन्नपूर्ण (सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट, किवी फल र ओखर) |
| ८. | स्याङ्जा | विरूवा, चापाकोट, गल्याङ | विरूवा (सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट, किवी फल)<br>चापाकोट र गल्याङ (सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट) |
| ९. | पर्वत | जलजला, कुश्मा, मोदी, फलेवास | सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट, किवी फल र ओखर |
| १०. | मनाङ | नासों, चामे, मनाङ डिस्याङ | नासों, चामे (स्याउ र ओखर) र मनाङ डिस्याङ (स्याउ ) |

**आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरुको विवरण:**

(क) अनुसूची ९ बमोजिमको निवेदन र अनुसूची १५ बमोजिमको फाराम (सम्बन्धित स्थानीय तह वा www.gandaki.nafha.gov.np बाट प्राप्त गर्न सकिने),

(ख) कृषक समूह/सहकारी/कम्पनी वा निजी फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, कृषक समूहको हकमा विधान, सहकारीको हकमा विनियम तथा कृषि उद्यमीको हकमा प्रबन्धपत्रको प्रतिलिपि

(ग) अनुसूची १७ बमोजिम कार्यक्रममा सहभागी हुने सम्बन्धी सम्बन्धित समूह/ संस्थाको निर्णयको प्रतिलिपि,

(घ) अनुसूची १८ बमोजिम बगैचा स्थापनार्थ गरिएको सहमति-पत्र र अनुसूची १९ बमोजिम आधिकारिक व्यक्ति तोकिएको पत्र

(ङ) अनुसूची २० बमोजिम स्वघोषणा पत्र,

(च) फलफूल बगैंचा स्थापना कार्यक्रम सञ्चालन गर्न चाहेको जग्गाको लालपुर्जाको प्रतिलिपि, जग्गा भाडा वा करार गरेको भए सोको सम्झौताको प्रतिलिपि (कम्तिमा १५ वर्ष अवधिको)

(छ) फलफूल बगैंचा स्थापना गर्न चाहेको जग्गाको सबै कित्ताको विवरण र कित्ता स्पष्ट देखिने नापी नक्सा ।

(ज) अनुसूची २२ बमोजिमको Environmental Screening Checklist तथा अनुसूची २३ बमोजिमको सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची ।

नोटः अन्य जानकारीका लागि आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश, पोखरा वा सम्बन्धित स्थानीय तहको कृषि शाखा वा आयोजना कार्यान्वयन एकाइको सम्पर्क नं. ०६१-५४३८९५ वा सूचना अधिकारीको सम्पर्क नम्बर ९८५६००८५६६/९८४६२८८२३९ वा ईमेल ठेगाना piugandaki.nafha@gmail.com मा सम्पर्क गर्न सकिनेछ।